कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.:-०८१।८२
च.नं.:- 686

मिति- २०८१।०७।२५

**रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि जरुरी सूचना ।**

पर्वत जिल्ला, कुश्मा नगरपालिका अन्तर्गत श्री वीरेन्द्र माध्यमिक विद्यालयमा रिक्त रहेको निम्न माध्यमिक तह नेपाली विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.४३ मिति २०८१।०७।०७ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय र स्थानीय तहको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shreebirendramavi0123@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाई
कुश्मा, पर्वत ।
श्री वीरेन्द्र माध्यमिक विद्यालय
कुश्मा नगरपालिका - ११ पकुवा, पर्वत ।